# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९ ) काठमाडौं, असार २६ गते २०४६ साल ( अतिरिक्ताङ्क १८ (ख)

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

सामयिक कर असूल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

१. भन्सार महशूलः (१) नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने र विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी हुने मालवस्तुहरूमा आजैका मितिदेखि अनुसूची १ बमोजिम भन्सार महशूल लगाइने र असूल उपर गरिनेछ ।

(२) यसमा उल्लेख भएको व्यवस्थाबाहेक भन्सार महशूलसम्बन्धी अन्य व्यवस्था "आर्थिक ऐन, २०४५" (अनुसूची २,३ र ४ बाहेक) बमोजिम हुनेछ ।

२. अन्तःशुल्कः (१) नेपाल अधिराज्यभित्र मील, फ्याक्ट्री वा कारखानामा उत्पादन वा तयार भएका मालवस्तु वा पदार्थमा आजैका मितिदेखि अनुसूची २ बमोजिम अन्तःशुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) रूग्ण उद्योगसम्बन्धी उद्योग मन्त्रालयबाट किटान गरिएको परिभाषाभित्र पर्ने उद्योगलाई ७५ प्र. श. अन्तःशुल्क छूट दिइनेछ ।

(३) दुर्गम क्षेत्रमा स्थापना भएका अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने उद्योगहरूलाई ती उद्योगहरूले दरबन्दी अनुसार तिर्नुपर्ने अन्तःशुल्कमा १० (दश) प्रतिशत छूट दिइनेछ । दुर्गम क्षेत्र भन्नाले यस प्रयोजनको लागि श्री ५ को सरकारले तोकेबमोजिमको क्षेत्र मानिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) कपडा उद्योगहरूको उत्पादनमा हाल लागी आएको अन्तः शुल्क दरमा २५ (पच्चीस) प्रतिशत छूट दिइनेछ। गत आर्थिक वर्षभन्दा बढी कपडा उत्पादन गर्ने औद्योगिक प्रतिष्ठानहरूलाई बढी उत्पादन गरेजतिको परिमाणमा थप २५ (पच्चीस) प्रतिशत अन्तःशुल्क छूट दिइनेछ। गत आर्थिक वर्षमा पूरा अवधि नचलेको औद्योगिक प्रतिष्ठानलाई चलेको अवधिको आधारमा दामासाहीले वार्षिक उत्पादन कायम गरी सोभन्दा बढी उत्पादन गरेजतिमा मात्र थप अन्तःशुल्क छूट दिइनेछ।

(५) उद्योगहरूले आफ्नो उत्पादनको खुद्रा मूल्य किटान गरी सार्वजनिक जानकारीको लागि प्रकाशित गर्ने तथा उत्पादित वस्तुमा नै सो मूल्य अङ्कित गर्नु पर्नेछ।

(६) दरबन्दीमा "माफी" जनिएका उद्योगहरूले अन्तःशुल्क कार्यालयबाट उत्पादन इजाजत लिनु पर्नेछ। तर,

(क) माफी जनिएका उद्योगलाई उत्पादन इजाजत र नवीकरण दस्तूर लाग्ने छैन।

(ख) यस्ता "माफी" जनिएका उद्योगहरूले सम्बन्धित उद्योग वा घरेलु उद्योग विभागमा पठाउने गरेको मास्केवारी वा हिसाब किताबको एकप्रति सम्बन्धित अन्तःशुल्क कार्यालयलाई पनि दिनु पर्नेछ।

(७) उद्योग वा घरेलु उद्योगमा दर्ता नभएको फ्लेट–हैण्ड मेशिन (विद्युत शक्ति प्रयोग नगरिएको) बाट होजियरीको सामान उत्पादन गरेकोमा अन्तःशुल्कको इजाजतपत्र लिनु पर्ने छैन।

(८) औद्योगिक व्यवसाय ऐन, २०३८ ले व्यवस्था गरेको अन्तःशुल्क सुविधा पाउने अवधिको पूरा उपभोग गरी सकेका उद्योगहरूलाई अन्तःशुल्क लगाइनेछ।

(९) यसमा उल्लेख भएदेखिबाहेक अन्तःशुल्कसम्बन्धी अन्य व्यवस्था "आर्थिक ऐन, २०४५" बमोजिम हुनेछ।

३. विक्रीकरः (१) आर्थिक वर्ष २०४६।४७ मा अनुसूची– ३ बमोजिम आजैका मितिदेखि विक्रीकर लगाइने र असूल उपर गरिनेछ।

(२) देहायका मालसामान उत्पादन गर्ने घरेलु उद्योगहरूलाई विक्रेतामा दर्ता गरी त्यस्ता उद्योगहरूले गरेको उत्पादनमा विक्रीकर असूल गरिनेछ।

(क) सबै प्रकारका मदिराहरू (अविकसित क्षेत्रमा स्थापना हुने फलफूलबाट निर्मित मदिरा बाहेक) बियर, छ्याङ र कार्वोनाईज्ड हल्का पेयहरू।

(ख) चुरोट, सिगार, बिडी र सुर्तीबाट बनेका अन्य सामानहरू।

(ग) चिरानी काठ (स:मिलमा चिरानी भएका)।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) बहुमूल्य ढुङ्गा, जवाहिरात, कटिङ, पोलिसिङ ।

(ङ) कत्था र टेनिन ।

(३) उपदफा (२) मा उल्लेखित मालसामान उत्पादन गर्ने घरेलु उद्योगहरू बाहेक अरू घरेलु उद्योगहरूको हकमा औद्योगिक व्यवसाय ऐन, २०३८ बमोजिम हुनेछ ।

(४) साना, मझौला तथा ठूला उद्योगहरूलाई बिक्रीकर ऐन, २०२३ बमोजिम बिक्रेतामा दर्ता गरी ती उद्योगहरूबाट उत्पादित मालसामानको बिक्री अवस्थामा बिक्रीकर लगाई असूल उपर गरिनेछ । तर देहायका उद्योगहरूको हकमा आवश्यक पर्ने कोरामाल, सहायक कोरामाल तथा रासायनिक पदार्थको पैठारी अवस्थामा नै बिक्रीकर लगाई असूल उपर गरिनेछ ।

(क) फोटोग्राफी ।

(ख) रेडिमेड गार्मेण्ट ।

(ग) प्याकिङ मात्र गर्ने ।

(घ) चलचित्र उत्पादन गर्ने व्यवसाय ।

(५) बिक्रेतामा दर्ता भएकाबाहेक अन्य सबैले बिक्रेतामा दर्ता भएका उद्योगहरूबाट कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा रासायनिक पदार्थ खरीद गरेमा खरीद गर्दाकै अवस्थामा बिक्रीकर लाग्नेछ ।

(६) उत्पादनमा बिक्रीकर तिर्ने उद्योगहरूले पैठारी गर्ने कोरामाल, सहायक कोरामाल तथा रासायनिक पदार्थहरूको भन्सारले कायम गरेको मूल्यमा लागेको भन्सार महशूल जोडी हुन आउने रकममा र बिक्रेतामा दर्ता भएका अन्य उद्योगहरूबाट त्यस्ता औद्योगिक कच्चा पदार्थहरू स्थानीय रूपमा खरीद गरेमा उद्योगले कायम गरेको लागत मूल्य (एक्सफेक्ट्री प्राईस) मा अन्तःशुल्क जोडी हुन आउने रकममा दरबन्दी अनुसारको अग्रिम बिक्रीकर असूल उपर गरिनेछ । यस्तो अग्रिम बिक्रीकरको रकम पछि उद्योगले मासिक रूपमा दाखिला गर्नुपर्ने बिक्रीकर रकमबाट कट्टा गरी हिसाब मिलाइनेछ र अग्रिम बिक्रीकरलाई म्यादभित्रै मासिक रूपमा दाखिला गरे सरह मानिनेछ ।

(७) उपदफा (६) मा उल्लेख भएबमोजिम अग्रिम बिक्रीकर बुझाउनु पर्ने उद्योगहरूलाई अग्रिम बिक्रीकर दाखिलाको पासबुक उपलब्ध गराइनेछ । पैठारीतर्फ भन्सार कार्यालयले र स्थानीय खरीदतर्फ सम्बन्धित बिक्रेताले उक्त पासबुकमा औद्योगिक कच्चा पदार्थको विवरणको साथै अग्रिम दाखिला भएको बिक्रीकर रकमसमेत चढाई सो रकम सोको विवरण सम्बन्धित कर कार्यालयमा पठाउनु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) पैठारीको अवस्थामा अग्रिम विक्रीकर भन्सार कार्यालयको धरौटी खातामा र स्थानीय खरीदतर्फको अग्रिम धरौटी रकम सम्बन्धित कर कार्यालयको धरौटी खातामा दाखिला गर्नु पर्नेछ ।

(९) विक्रेतामा दर्ता भएका र पैठारीको अवस्थामा विक्रीकर नलाग्ने उद्योग बाहेक अन्य सबैले विदेशबाट पैठारी गर्ने मालसामानमा पैठारीको अवस्थामा भन्सार कार्यालयमा विक्रीकर असूल उपर गरिनेछ । भन्सारले कायम गरेको मूल्यमा विक्रीकर प्रयोजनको लागि दरबन्दी अनुसार लाग्ने साधारण भन्सार महशूल, अतिरिक्त भन्सार महशूल र समिकारक महशूलसमेत जोडी विक्री मूल्य कायम गरिनेछ ।

(१०) झिटी गुण्टा भारी आदेश अन्तर्गत विदेश गई फर्किने यात्रुले सो आदेशमा तोकिएको विक्रीकर सहुलियत भन्दा बढी विक्रीकर लाग्ने सामान ल्याएमा त्यस्तो बढी सबै किसिमको सामानमा भन्सारले कायम गरेको मूल्यमा अनुसूची १ मा तोकिएबमोजिम समदरले लाग्ने भन्सार महशूल जोडी हुन आउने मूल्यमा प्रचलित विक्रीकर दरबन्दीको अधिकतम दर अनुसार निर्धारण गरी असूल गरिनेछ ।

(११) स्वदेशी उद्योगहरूले आफ्नो उत्पादनको निमित्त प्रयोग गर्न पैठारी गर्ने वा विक्रीकरमा दर्ता भएका विक्रेताबाट खरीद गर्ने औद्योगिक कच्चा पदार्थहरूमा सो क्रेता उद्योगले उत्पादन गर्ने मालसामानमा लाग्ने विक्रीकरको दरभन्दा बढी भएमा यसरी पैठारी वा खरीद गरिएको कच्चा पदार्थहरूमा लाग्ने विक्रीकरको दर उत्पादनमा लाग्ने दर सरहमात्र हुनेछ ।

(१२) परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी कुनै उद्योगले आफ्नो उत्पादन नेपाल अधिराज्यमा विक्री गरेमा त्यस्तो वस्तुको विक्रीमा विक्रीकर पूर्ण रूपमा छूट दिइनेछ ।

(१३) नेपालको संस्कृति र प्रतिष्ठाको प्रचार तथा पर्यटन विकासको लागि स्वदेश वा विदेशमा छापिने नेपालसम्बन्धी स्वीकृत नक्सा, पोष्टर, पोष्टकार्ड, क्यालेण्डर आदिमा विक्रीकर लाग्ने छैन ।

(१४) विदेशी कुटनैतिक नियोग र त्यहाँ काम गर्ने कुटनैतिक कर्मचारी तथा महशूल सुविधा पाएका व्यक्ति वा संस्थाको नाममा दर्ता भई नेपाल अधिराज्यभित्र प्रवेश भएको ५ (पाँच) वर्ष पूरा भएका सवारी साधन विक्री गरेमा विक्रीकर लाग्ने छैन ।

(१५) श्री ५ को सरकारको स्वीकृति प्राप्त गरी पर्वतारोहण गर्न आउने व्यक्ति वा टोलीले पैठारी गरेको मालसामानमध्ये नेपाल अधिराज्यमा उपभोग हुने जति मालसामानमा सो मालसामानको मूल्यमा लाग्ने भन्सार महशूल जोडी हुने मूल्यमा एक प्रतिशतमात्र विक्रीकर लगाई असूल उपर गरिनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१६) स्वदेशमा उत्पादित सुती कपडा (तयारी पोशाकबाहेक) को विक्रीमा विक्रीकर पूर्ण रूपमा माफी गरिएको छ। तर सुती र कृत्रिम वा अन्य रेशा मिश्रित धागोबाट बनेका कपडा भएमा सोही अनुपातको आधारमा विक्रीकर लगाई असूल उपर गरिनेछ।

(१७) स्वदेशी उद्योगहरूले उत्पादन गर्ने छालाका जुत्तामा लाग्ने विक्रीकर मा ५० (पचास) प्रतिशत छूट दिइनेछ।

(१८) स्वदेशी सीसाकलम उद्योगले उत्पादन गर्ने सीसाकलममा लाग्ने विक्रीकर पूर्ण रूपमा छूट दिइनेछ।

(१९) कुनै उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चापदार्थ, यन्त्र उपकरण तथा औजारहरू पैठारी गर्दा विक्रीकर नलाग्ने रहेछ भने त्यस्ता उद्योगले स्वदेशका उद्योगबाट खरीद गर्ने उक्त मालवस्तुमा विक्रीकर लगाइने छैन।

(२०) पैठारीमा कर छूट पाउने व्यक्ति वा संस्थाले कुनै मालसामान वा वस्तु पैठारी गरेमा कर छूट पाउने रहेछ भने त्यस्ता मालसामान वा वस्तु विक्रेतामा दर्ता भएका स्वदेशी उद्योगहरूबाट खरीद गरेमा त्यस्ता मालसामान वा वस्तुमा लागेको कर फिर्ता दिइनेछ।

(२१) वैकल्पिक उर्जा विकासको निमित्त प्रोत्साहन गर्न सौर्य शक्ति, गोबरग्याँस लगायत वायोग्याँसको लागि आवश्यक पर्ने उपकरणहरू र त्यसका पार्टपूर्जाहरूको पैठारीमा लाग्ने विक्रीकर पूर्ण रूपमा छूट दिइनेछ।

(२२) कृषिजन्य उत्पादन, फलफूल, माछा आदि सुरक्षित गर्न निर्माण गरिने शीत भण्डारहरूको लागि आवश्यक पर्ने उपकरण तथा औजारहरूको पैठारीमा लाग्ने विक्रीकर पूर्ण रूपमा छूट दिइनेछ।

(२३) ट्रलीबस सेवा सञ्चालन तथा विस्तारको लागि पैठारी गरिने यन्त्र, उपकरण, ट्रलीबस तथा पार्टपूर्जाहरूको पैठारीमा लाग्ने विक्रीकर पूर्ण रूपमा छूट दिइनेछ।

(२४) नेपाल अधिराज्यभित्र स्वीकृति प्राप्त स्तरीय अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने उपकरण तथा औजारहरूको पैठारीमा लाग्ने विक्रीकर पूर्ण रूपमा छूट दिइनेछ।

(२५) विदेशबाट पैठारी हुने सिमेन्टमा (सेतो सिमेन्टबाहेक) विक्रीकर प्रयोजनको लागि श्री ५ को सरकारले तोकेको मूल्यमा विक्रीकर असूल गरिनेछ।

(२६) आर्थिक वर्ष २०४६।४७ मा टेलिफोन र तत्सम्बन्धी सेवामा ५ (पाँच) प्रतिशत विक्रीकर लगाई असूल उपर गरिनेछ।

(२७) द्विपक्षीय वा बहुपक्षीय ऋण तथा अनुदान सहायता कार्यक्रमअन्तर्गत विक्रीकर नलाग्ने गरी श्री ५ को सरकारसंग भएको सम्झौता अनुसार सञ्चालित


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 222

आयोजनाहरूले विक्रीकरमा दर्ता भएका स्वदेशी उद्योगबाट खरीद गरेका माल-सामानहरूमा सम्बन्धित विभाग वा आयोजना कार्यालयको सिफारिशमा बिक्रीकर छूट दिइनेछ ।

(२८) स्वदेशमा उत्पादित औद्योगिक मेशिनरी, औजार र पार्टपूर्जा कुनै अर्को स्वदेशी उद्योगले उद्योगको प्रयोगको लागि खरीद गरेमा सम्बन्धित विभागको सिफारिशमा बिक्रीकर छूट दिइनेछ ।

(२९) अन्तःशुल्क सुविधा पाएका उद्योगहरूले आफ्नो उत्पादित वस्तुको बिक्रीकर प्रयोजनको लागि मूल्य कायम गर्दा दरबन्दी अनुसार लाग्ने पूरै अन्तःशुल्क रकम जोडी मूल्य कायम गर्नु पर्नेछ ।

(३०) भन्सार महशूल सहुलियतमा पैठारी हुने मालसामानमा भन्सारले कायम गरेको मूल्यमा दरबन्दी अनुसार लाग्ने भन्सार महशूल जोडी बिक्री मूल्य कायम गरी दरबन्दी अनुसार बिक्रीकर असूल गरिनेछ ।

(३१) तयारी पोशाक उद्योगले बण्डेड वेयर हाउसको व्यवस्थाअन्तर्गत रेयन कपडा पैठारी गर्दा बिक्रीकर प्रयोजनको लागि भन्सारले कायम गरेको पैठारी मूल्यमा भन्सार महशूल बापत १० (दश) प्रतिशत जोडी हुन आउने मूल्यमा बिक्रीकर असूल गरिनेछ ।

(३२) कुनै उद्योगले आफ्नो उत्पादित पब्लिक लिमिटेड कम्पनी वा सार्वजनिक व्यापारिक संस्थानमार्फत बिक्री गरेमा बिक्रीकरको दरबन्दी अनुसार नै बिक्रीकर लाग्नेछ ।

४. हवाई उडान करः आर्थिक वर्ष २०४६।४७ मा अनुसूची ४ बमोजिम हवाई उडान कर लगाइने र असूल उपर गरिनेछ । तर परिवर्त्य विदेशी मुद्रा तिरी खरीद गरिएको हवाई टिकटबाट गरिने आन्तरिक हवाई उडानमा विदेशी पर्यटकलाई हवाई उडान कर लाग्ने छैन ।

५. आयकरः (१) आर्थिक वर्ष २०४६।४७ मा "आर्थिक ऐन, २०४५" को अनुसूची ७ बमोजिम आयकर लगाइने र असूल उपर गरिनेछ ।

(२) कुनै व्यक्ति वा परिवारमा पति र पत्नी दुवैजना पारिश्रमिक आय आर्जन गर्ने रहेछन् र उनीहरूको मुख्य आयस्रोत पारिश्रमिक आय रहेछ भने त्यस्तो पति वा पत्नीको आयमा व्यक्तिको आय सरह गरी छुट्टा छुट्टै आयकर निर्धारण गरिनेछ ।

(३) न्यूनतम ग्यारेण्टी रकम कबुल गरी निम्नकोटीको मदिरा उत्पादन गर्ने डिष्टीलरीको लेखाको आधारमा आयकर निर्धारण भएमाबाहेक डिष्टीलरीले कबुल गरेको न्यूनतम ग्यारेण्टी वा अन्तःशुल्कको रकम जुन बढी हुन्छ, त्यसको २५ (पच्चीस) प्रतिशत खुद आय कायम गरी कर निर्धारण गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २२५

(४) नेपाल अधिराज्यका बैंकहरूमा खाता खोल्ने गरी पूंजी लगानीको रूपमा कसैले विदेशबाट परिवर्त्य मुद्रा ल्याएमा त्यस्तो विदेशी मुद्रामा आयकर लाग्ने छैन ।

(५) नेपाल अधिराज्यबाट विदेश निर्यात गरी आर्जन गरेको आयमा आयकर लगाइने छैन । तर यस्तो सुविधा प्राप्त गर्न बैंकमार्फत निर्यातको कारोवार गरी सोबाट प्राप्त विदेशी मुद्रा बैंक दाखिला भएको प्रमाण सहित प्रचलित कानून बमोजिम आय विवरण पेश गर्नु पर्नेछ ।

(६) नेपाल अधिराज्यमा हवाई यातायात सेवा सञ्चालन गर्ने विदेशी हवाई कम्पनीहरूलाई उनीहरूले नेपाल अधिराज्यभित्र गरेको कुल कारोवार रकमको ५ प्रतिशतका दरले आयकर लगाई असूल गरिनेछ ।

तर, नेपाल अधिराज्यमा हवाई यातायात सेवा सञ्चालन नगरी कार्यालय मात्र स्थापना गरी कारोवार गर्ने विदेशी हवाई कम्पनीहरूलाई उनीहरूले नेपाल अधिराज्यमा गरेको कुल कारोवार रकमको ३ (तीन) प्रतिशतका दरले आयकर लगाई असूल गरिनेछ ।

(७) सोल्टी क्यासिनोबाट वार्षिक रू. ३०,००,०००।– (तीस लाख रूपैयाँ) रोयल्टी लिइनेछ । साथै प्रचलित कानूनबमोजिम तिर्नुपर्ने आयकर लगायत अरू करहरू समेत क्यासिनोले तिर्नु पर्नेछ ।

(८) नेपाल अधिराज्यभित्र पैठारी हुने व्यापारिक मालसामानहरूमा पैठारीकै अवस्थामा भन्सार प्रयोजनको लागि कायम गरिएको मूल्यमा पाँच प्रतिशत का दरले पैठारीकर्ताहरूबाट अग्रिम आयकर असूल गरिनेछ । यसरी कट्टा गरिएको अग्रिम आयकर अन्तिम कर निर्धारण हुँदा मिलान गरिनेछ ।

तर, श्री ५ को सरकारले आवश्यकतानुसार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएका वस्तुहरूको पैठारीमा माथि उल्लेखित अग्रिम आयकरको दर घटाउन वा त्यस्तो अग्रिम आयकर असूल नगर्ने व्यवस्था गर्न सक्नेछ ।

(९) अन्तर्राष्ट्रिय बोलपत्रद्वारा प्रतिस्पर्धा गरी एक आर्थिक वर्षभन्दा बढी अवधिसम्म कायम रहने ठेक्काको खुद आय पूरै ठेक्काको हिसाबले कायम गरी कर निर्धारण गर्न सकिनेछ । तर एउटा ठेक्काको अवधि पूरा नहुँदै अरू पनि ठेक्का लिने करदाताले प्रत्येक ठेक्काको छुट्टा छुट्टै आय व्यय देखिने गरी ठेक्का हिसाब समेत पेश गर्नु पर्नेछ ।

(१०) अन्तर्राष्ट्रिय बोलपत्रद्वारा लिएको ठेक्का कार्यमा प्रयोग गरिने सम्पत्तिहरूको ह्रासकट्टामध्ये ह्रासकट्टीको वर्गीकरणमा स्पष्ट उल्लेख नभएका


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 326

सम्पत्तिहरूको ह्रासकट्टाको प्रयोजनको लागि सम्बन्धित कन्सल्टेण्ट र परियोजना प्रमुख वा विभागीय प्रमुखले सिफारिश गरे अनुसार सम्पत्तिहरूको वर्गीकरण गरी त्यस्तो सम्पत्तिहरूमा प्रचलित कानूनबमोजिम ह्रासकट्टी सहुलियत दिइनेछ ।

(११) वार्षिक रू. १,००,०००।– (एक लाख रूपैयाँ) सम्म मूल्यको वस्तु उत्पादन गरी बिक्री गर्ने साना घरेलु तथा ग्रामीण उद्योगहरूलाई उक्त उत्पादन बिक्री गरेको आयमा आयकर पूर्ण रूपमा नलाग्ने गरी छूट दिइएको छ ।

(१२) आ. व. २०४६।४७ मा सेक्यूरिटी खरीद बिक्री केन्द्रमा शेयर सूचिकरण भएका कम्पनी तथा सरकारी संस्थानहरूबाट तिनीहरूको खुद आय समदरले ४० (चालीस) प्रतिशत कर्पोरेट आयकर लगाई असूल उपर गरिनेछ । कर्पोरेट आयकर तिर्नुपर्ने कम्पनी तथा संस्थानहरूले आफ्नो आय वर्ष सकिएको एक वर्षभित्र लाभांशको विवरण सम्बन्धित कर कार्यालयमा दिनु पर्नेछ । लाभांश प्राप्त गर्ने व्यक्तिलाई कर्पोरेट आयकर लाग्ने कम्पनी तथा संस्थानहरूले वितरण गर्ने लाभांशको आयमा ८५ (पचासी) प्रतिशत छूट दिई बाँकी रकममा मात्र करदाताको अन्य आय भए सोमा समावेश गरी आयकर लगाइनेछ ।

(१३) घरजग्गा बहालमा लिनेहरूले आफूले लिएको घरजग्गाको बहाल घरजग्गाधनीलाई भुक्तानी गर्दा आयकर बापत देहायका दरले अग्रिम कट्टा गरी सोको फाँटवारी सहित कर कार्यालयको धरौटी खातामा जम्मा गर्नु पर्नेछ ।

| घरजग्गाधनीले वार्षिक पाउने बहाल | बहाल लिनेको अग्रिम कट्टा गर्नुपर्ने प्रतिशत |
|---|---|
| रू. २५,००० सम्म | कट्टा गर्नु नपर्ने |
| रू. २५,००० देखि माथि रू. ५०,००० सम्म | १० |
| रू. ५०,००० देखि माथि रू. १,००,००० सम्म | १५ |
| रू. १,००,००० देखि माथि | २५ |

यसरी अग्रिम कट्टा गरेको कर रकम बहाल आय प्राप्त गर्नेले पछि बहाल आयसमेतको अन्य आयमा आयकर निर्धारण हुँदा लाग्ने आयकरबाट कट्टा गर्न पाउनेछ ।

(१४) २०४६ साल श्रावण १ गतेपछि आय वर्ष समाप्त भई पेश हुने उद्योग, व्यापार, पेशा, व्यवसायको आय विवरणमा प्रचलित कानूनबमोजिम अनिवार्य रूपमा लेखा राखी लेखापरीक्षण गराउन पर्ने करदाताबाहेक अन्य करदाताको लेखाको आधारमा आयकर निर्धारण गर्दा लाग्ने करको ५ (पाँच) प्रतिशत छूट दिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१५) प्रचलित कानूनबमोजिम विज्ञापन र अतिथि सत्कारबापत खर्च कट्टी गर्ने प्रयोजनार्थ कुल आय कायम गर्दा उद्योग तथा व्यापार व्यवसायको मुख्य कारोवारबाट प्राप्त रकम (Gross Receipt) वा खरीद बिक्री कारोवार भएमा सो बिक्री कारोवारबाट प्राप्त कुल बिक्री रकम ( Total Sales ) लाई कुल आय मानिनेछ ।

६. शहरी क्षेत्रको घरजग्गा करः (१) आर्थिक वर्ष २०४६।४७ मा "आर्थिक ऐन, २०४५" को अनुसूची ८ बमोजिम शहरी क्षेत्रको घर जग्गामा कर लगाइने र असूल उपर गरिनेछ ।

(२) घरजग्गाकरको प्रयोजनको लागि घरजग्गाको मूल्याङ्कन गर्दा घरतर्फ श्री ५ को सरकारले तोकेको दरमा मूल्याङ्कन गर्दा हुन आउने रकममा ह्रासकट्टी गरी बाँकी हुने मूल्यमा ७० (सत्तरी) प्रतिशत मात्र करयोग्य मूल्य कायम गरिनेछ । जग्गातर्फ प्रत्येक शहरी क्षेत्रको प्रत्येक अञ्चलको सडक तथा बाटोको वर्गीकरणको आधारमा श्री ५ को सरकारले तोकेको मूल्यको २० (बीस) प्रतिशत मात्र करयोग्य मूल्य कायम गरिनेछ ।

७. ठेक्काकरः (१) आर्थिक वर्ष २०४६।४७ मा "आर्थिक ऐन, २०४५" बमोजिम ठेक्काकर लगाइने र असूल उपर गरिनेछ ।

(२) विदेशी मुद्रा भुक्तानी हुने गरी सामान खरीद गर्दा विदेशी कम्पनी तथा सप्लायर्सलाई ठेक्काकर नलाग्ने रहेछ भने त्यस्तो ठेक्कामा स्वदेशी उद्योगले प्रतिस्पर्धा गरी ठेक्का प्राप्त गरी नेपाली रूपैयाँमा भुक्तानी हुनेमा पनि ठेक्काकर लाग्ने छैन ।

(३) उपरोक्त उल्लेखितबाहेक ठेक्काकरसम्बन्धी अन्य व्यवस्था "आर्थिक ऐन, २०४५" बमोजिम हुनेछ ।

८. होटल करः आर्थिक वर्ष २०४६।४७ मा "आर्थिक ऐन, २०४५" बमोजिम होटल कर लगाइने र असूल उपर गरिनेछ ।

९. सवारी साधन करः (१) आर्थिक वर्ष २०४६।४७ मा "आर्थिक ऐन, २०४५" बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) सवारी साधन कर लागेका सवारी साधनहरूको आयमा आयकर लाग्ने छैन ।

१०. मनोरञ्जन करः (१) आर्थिक वर्ष २०४६।४७ मा "आर्थिक ऐन, २०४५" बमोजिम मनोरञ्जन कर लगाइने र असूल उपर गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) आर्थिक वर्ष २०४६।४७ मा भिडियो प्रदर्शन गर्न स्वीकृति प्राप्त गरी व्यापारिक रूपमा सार्वजनिक प्रदर्शन गरिने भिडियो प्रदर्शनको प्रवेश टिकटको मूल्यमा १०० प्रतिशत मनोरञ्जन कर लगाइने र असूल उपर गरिनेछ ।

(३) नेपाल अधिराज्यमा निर्मित नेपाली भाषाका चलचित्र, नेपाली टेलिफिल्म वा नेपाली भिडियो फिल्मको प्रदर्शनबाट उठेको मनोरञ्जन करको रकममध्ये दुई तिहाई रकम नेपाली चलचित्र, नेपाली टेलिफिल्म तथा नेपाली भिडियो फिल्म निर्माताहरूलाई अनुदान दिइनेछ । यसरी अनुदान दिंदा उक्त बमोजिम उठेको मनोरञ्जन करको रकममध्ये दुई तिहाई रकम सम्बन्धित कर कार्यालयको धरौटी खातामा राखी नेपाली चलचित्र, नेपाली टेलिफिल्म तथा नेपाली भिडियो फिल्म निर्माताहरूलाई सम्बन्धित कर कार्यालयबाटै सोझै उपलब्ध गराइनेछ।

(४) विदेशमा निर्माण गरी नेपाली भाषामा डविङ मात्र गर्ने चलचित्र, टेलिफिल्म र भिडियो फिल्म निर्मातालाई यस दफामा लेखिएबमोजिमको अनुदान दिइनेछैन ।

११. व्याजकर: (१) आर्थिक वर्ष २०४६।४७ मा निक्षेपकर्ताले बैंकहरूमा राखेको मुद्दति निक्षेपबाट निक्षेप ग्रहण गर्ने बैंकहरूले वार्षिक रू. ५,०००।– (पाँच हजार) भन्दा माथिको पूरै व्याज आयमा समदरले ५ (पाँच) प्रतिशत अग्रिम व्याजकर कट्टा गरी सम्बन्धित कर कार्यालयको धरौटी खातामा दाखिला गर्नु पर्नेछ । तर वार्षिक रू. ५,०००।– सम्मको व्याज आयमा अग्रिम व्याजकर कट्टा गर्नुपर्ने छैन ।

(२) निक्षेपबाट प्राप्त व्याज आयलाई करदाताको अन्य आयमा समावेश गरी खुद आय कायम गरिनेछ ।

(३) उपदफा (१) बमोजिम अग्रिम कट्टा गरेको व्याजकर निक्षेप व्याज आय प्राप्त गर्नेले पछि निक्षेप व्याज आयसमेतको अन्य आयमा आयकर निर्धारण गर्दा लाग्ने आयकरबाट कट्टा गर्न पाउनेछ ।

(४) कुनै करदाताको अग्रिम व्याजकर दाखिला भएकोमा पनि निजको कर निर्धारण हुँदा लागेको रकम घटी भई फिर्ता दिनु परेमा सम्बन्धित कर कार्यालयबाटै धरौटी खातामा रहेको रकमबाट फिर्ता दिइनेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको निक्षेप र कोषमा व्याज कर लाग्नेछैन:–

(क) बचत निक्षेप,

(ख) कर्मचारी सञ्चय कोष निक्षेप,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) बैंकमा कर्मचारीको नाममा रहेको सञ्चय कोष,

(घ) पञ्चायत तथा वर्गीय संगठनको निक्षेप, र

(ङ) सार्वजनिक हितका लागि गठन भएको र धार्मिक कृत्यसम्बन्धी भनी श्री ५ को सरकारले तोकेको संस्थाको निक्षेप ।

(६) कुनै व्यक्तिको मुद्दति निक्षेपबाट प्राप्त व्याजको साथै अन्य स्रोतको आय पनि भएमा त्यस्तो मुद्दति निक्षेपबाट प्राप्त व्याजलाई अन्य आयमा समावेश गरी हुन आउने आयबाट व्यक्तिको हकमा रू. १५,०००।– (पन्ध्र हजार) र दम्पति वा परिवारको हकमा रू. २०,०००।– (बीस हजार) सम्मको आयमा कर लाग्ने छैन र यस्तो करदाताको कर नलाग्ने कुराको सूचना सम्बन्धित कर कार्यालयबाट प्राप्त भएमा सम्बन्धित बैंकबाट त्यस्तो कर कट्टा गरिएको रकम फिर्ता गरिनेछ । सो हदभन्दा बढीको रकममा अनुसूची ७ बमोजिम आयकर लगाइने र असूल उपर गरिनेछ ।

१२. सडक पुल सम्भार करः आर्थिक वर्ष २०४६।४७ मा सवारी साधनमा प्रयोग हुने हाइस्पीड डिजेल र पेट्रोल जस्ता इन्धनमा पैठारीको अवस्थामा –।२० पैसा प्रति लिटरको दरले सडक पुल सम्भार कर लगाइने र असूल उपर गरिनेछ ।

१३. टेलिभिजन र भिडियो डेकमा लाग्ने दस्तूरः आर्थिक वर्ष २०४६।४७ मा "आर्थिक ऐन, २०४५" बमोजिम टेलिभिजन र भिडियो डेकमा दस्तूर लगाइने र असूल उपर गरिनेछ ।

१४. मालपोत तथा भूमिकरः आर्थिक वर्ष २०४६।४७ मा "आर्थिक ऐन, २०४५" बमोजिम मालपोत, भूमिकर तथा स्थानीय विकास शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१५. रजिष्ट्रेशन दस्तूरः आर्थिक वर्ष २०४६।४७ मा "आर्थिक ऐन, २०४५" बमोजिम रजिष्ट्रेशन दस्तूर लगाइने र असूल उपर गरिनेछ ।

१६. दर घटाउन सक्नेः श्री ५ को सरकारले आवश्यकतानुसार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी दफा १ मा उल्लेखित भन्सार महशूलको दर घटाउन सक्नेछ ।


आधिकारिकता मुद्रण बिभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–१

### भन्सार महशूल दरबन्दी

| संकेत नं. | माल वा वस्तुको नाम | महशूल दर प्रति १०० के.जी. वा मो. प्र. श. (%) वा रू. (अन्यथा केही उल्लेख नभएको भए) | |
|---|---|---|---|
| | | पैठारी | निकासी |
| | | साधारण भन्सार महशूल | भन्सार महशूल |
| १ | २ | ३ | ४ |
| ०१.०१ | जीवित घोडाहरू, गधाहरू, खच्चर र हिनिज | प्र.गो. १० | |
| ०१.०३ | जीवित सुगुर | प्र.गो. १० | |
| ०१.०४ | जीवित भेंडा र बाख्रा: | | |
| | (क) भेंडा | प्र.गो. १० | |
| | (ख) बाख्रा | प्र.गो. १० | |
| ०१.०५ | जीवित कुखुरा अर्थात् लुइचे, गिनीफाउल, हाँस, टर्की, पानीहाँससमेत: | | |
| | (ख) अन्य कुखुरा | प्र.गो. ५ | |
| ०१.०६ | अन्य जीवित जन्तु: | | |
| | (क) मुख्यतः मासु खान हुने प्रकारका जीवजन्तु | प्र.गो. १० | |
| | (ख) अन्य (चिडियाखानाका जन्तु कुकुर बिरालो समेत) | प्र.गो. १० | |
| ०३.०१ | माछा, ताजा (जीवित वा मरेको) चिसो (चिल्ड वा फ्रोजेन): | | |
| | (क) माछा, ताजा (मरेको वा जीवित) चिसो (चिल्ड वा फ्रोजेन) (फिला बाहेक) | १० | |
| | (ख) माछा चिसो (फ्रोजेन) (फिला बाहेक) | १० | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | (ग) माछाको फिला ताजा र चिसो (चिल्ड) | १०% | |
| | (घ) माछाको फिला चिसो (फ्रोजन) | १०% | |
| ०४.०१ | दूध र तर, ताजा, नजमाएको वा गुलियो नगरेको | १०% | |
| ०४.०५ | चरा चुरुंगीको फुल, फुलभित्रको पहेंलो भाग, ताजा, सुकेको वा सुरक्षित, गुलियो गरेको वा नगरेको: | | |
| | (क) नफुटाएको फुल: | | |
| | (१) हाँस र कुखुराको फुल | १०% | |
| | (२) अन्य | १०% | |
| | (ख) अन्य | १०% | |
| ०७.०१ | ताजा वा चिसोमा राखेका सागपातहरू: | | |
| | (क) आलु | १०% | |
| | (ख) टमाटर | १०% | |
| | (ग) प्याज, छ्यापी, लसुन, पिंडालु र यस्तै लसुन, प्याज जातिका सागपात (जस्तै चाइभ र वेल्स प्याज) | १०% | |
| | (घ) अन्य | १०% | |
| ०७.०५ | सुकेको कोसे सागपातहरू छोडाएको वा नछोडाएको, दलेको वा नदलेको: | | |
| | (१) दलेको | १०% | |
| | (२) अन्य | १०% | |
| ०८.०१ | खजूरको फल, केरा, नरिवल, ब्राजिल सुपारी, काजु, भुईंकटहर एमोकेडस (शरीफा), आँप, अम्बा, मलायामा हुने एक किसिमको आँपको जस्तो फल ताजा वा सुकाएको बोक्रा छोडाएको वा नछोडाएको: | | |
| | (क) केरा | १०% | |
| | (ख) नरिवल | | |
| | (१) ताजा | १०% | |
| | (ङ) भुईंकटहर | १०% | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | (च) एमोकेडस, आँप, अम्बा, मलायाको आँप जस्तो फल | १०% | |
| ०८.०२ | रसदार फलफूल, ताजा वा सुकाएको: | | |
| | (क) सुन्तला | १०% | |
| | (ख) माण्डरीन सुन्तला (तान्जारिन र सास्तुमानसमेत) नरम, सुन्तला, विलिङ र अन्य यस्तै रसदार वर्णशंकर | १०% | |
| | (ग) कागती र निबुआ ज्यामिर | १०% | |
| | (घ) ग्रेप फ्रूट्स | १०% | |
| | (ङ) अन्य | १०% | |
| ०८.०३ | अंजीर सुकाएको वा ताजाः | | |
| | (१) ताजा | १०% | |
| ०८.०४ | अंगूर ताजा वा सुकाएको: | | |
| | (क) ताजा | १०% | |
| ०८.०६ | ताजा स्याउ, नास्पाती, श्रीफल: | | |
| | (क) स्याउ | १०% | |
| | (ख) नास्पाती र श्रीफल | १०% | |
| ०८.०७ | ताजा सारो फलफूल | १०% | |
| ०८.०८ | बयर ताजा | १०% | |
| ०८.०९ | ताजा अन्य फलफूल | १०% | |
| ०८.१० | चिनी नहालेको चिसो गरी सुरक्षित गरिएको (पकाएको वा नपकाएको फलफूल) | १०% | |
| ०८.११ | तुरुन्त उपयोग गर्न नहुने स्थितिको सुरक्षित फलफूल जस्तै (गन्धक डाइअक्साइड ग्यासबाट) नून पानीमा वा अन्य सुरक्षित गर्ने तरल पदार्थद्वारा सुरक्षित गरिएको | १०% | |
| ०८.१३ | खरबुजा र सुन्तला, निबुआ जाति (साइट्रस) फलफूलको ताजा, चिसोमा राखेको, सुकाएको नून पानी, गन्धक पानी वा अन्य सुरक्षित गर्ने तरल पदार्थमा राखी सुरक्षित गरेको बोक्रा | १०% | |

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| ०९.०२ | चिया | १०% | |
| ०९.०४ | विभिन्न जातको मरीच, विभिन्न जातका खोर्सानी | | |
| | (१) हरियो खोर्सानी | १०% | |
| ०९.१० | पुदीना, केशर, तेजपात (सिन्काउली) अन्य मसलाहरू: | | |
| | (क) (१) काँचो अदुवा | १०% | |
| | (ख) अन्य | | |
| | (१) काँचो बेसार | १०% | |
| १०.०१ | गहूँ र मेसलिन (गहूँ र मुडुला गहूँ मिसिएको): | | |
| | (क) दुरम गहूँ | १०% | |
| | (ख) अन्य | १०% | |
| १०.०२ | राई (मुडुला गहूँ) | १०% | |
| १०.०३ | जौ | १०% | |
| १०.०४ | जुनेलो (बोट) जै (आदेना) | १०% | |
| १०.०५ | मकै | १०% | |
| १०.०६ | धान, चामल | | |
| | (क) धान | १०% | |
| | (ख) कुटेको (तर राम्रो नफलेको) | १०% | |
| | (ग) अलिअलि कुटेको, मिलमा कुटेको, चिल्लो वा चम्कने पारेको वा नपारेको | १०% | |
| | (घ) कनिका | १०% | |
| १०.०७ | फापर, कोदो (मिलेट), क्यानरी सिड (चराको आहारा) र कागुनको दाना र अन्य अन्न: | | |
| | (क) कोदो | १०% | |
| | (ख) कागुन | १०% | |
| | (ग) अन्य | १०% | |
| ११.०१ | अन्नको मैदा: | | |
| | (क) गहूँ वा मेसीलनको | १०% | |
| | (ख) अन्य | १०% | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २४५

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| ११.०२ | कुटेको अन्न र अन्नको पिठो, तयार पारेको अन्न (जस्तै च्याख्ला पारेको, फलेको मोती जस्तो बाटुलो बनाएको वा पिधेको तर त्यो भन्दा बढी केही नगरेको) संकेत नं. १०.०६ अन्तर्गत पर्ने चामलबाहेक, कुटेको च्याख्लाको वा पिधेको वा सिंगो अन्नको कनिकाः | | |
| | (क) गहुँको कुटेको वस्तु, पिठो वा डल्ला | १०% | |
| | (ख) गहुँको बाहेक अन्नको कुटेको वस्तु, पिठो वा डल्लाः | | |
| | (१) मकैको | १०% | |
| | (२) चामलको | १०% | |
| | (३) अरू अन्नको | १०% | |
| १२.०१ | तेलहन र तेल आउने फलफूल सिंगो वा फुटाएकोः | | |
| | (क) बदाम (मुमफली) | १०% | |
| | (ख) ताडी दाना र बियाँ | १०% | |
| | (घ) भटमास | १०% | |
| | (ङ) आलस | १०% | |
| | (च) कपासको दाना (ज्यापु) | १०% | |
| | (छ) अण्डीको दाना | १०% | |
| | (ज) सूर्यमुखी फूलको दाना | १०% | |
| | (झ) तिल | १०% | |
| | (ञ) तोरी वा रायोको गेडा | १०% | |
| | (ट) अन्यः | | |
| | (१) सालको बियाँ | १०% | |
| | (२) अन्य | १०% | |
| १२.०२ | तेलहन वा तेल आउने बियाँको तेल ननिकालेको (सर्स्यूको पिठोबाहेक) पिठो र मैदा (फुलो) | १०% | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| २५.०५ | सबै किसिमका प्राकृतिक बालुवाहरू, रंगीन वा रंगहीन, संकेत नं. २६.०१ मा पर्ने धातु मिश्रित बालुवा बाहेक घ. मि. | | ७० |
| २५.०६ | स्फटिक (प्राकृतिक बालुवा बाहेक) संगठित स्फटिक (अलिअलि फुटाइएको, वर्गाकार पारिएको वा रेतिद्वारा वर्गाकार पारिएको भन्दा केही नगरिएको) घ.मि. | | ७० |
| २५.०८ | खरी: | | |
| | (१) धूलो रूपमा | | ६% |
| | (२) अन्य घ. मि. | | १०० |
| २५.१३ | आग्नेय पत्थर, इमरी, प्राकृतिक कोरुण्डम, प्राकृतिक याकुत (गार्नेट) र अन्य प्राकृतिक एब्रासिभहरू, तापित वा अतापित घ. मि. | | १०० |
| २५:१५ | सिंगमरमर, ट्राभरटीन, इकाइजि र र अन्य चूनद्वारा स्मारक वा भवन बनाउने ढुङ्गा, विशिष्ट गुरुत्व २.५ वा बढी भएको र एलावास्तर अलिअलि टुक्र्याइएको, अलि-अलि वर्गाकार जस्तो पारिएको वा रेतीद्वारा वर्गाकार पारिएको समेत घ. मि. | | १५० |
| २५.१६ | ग्रेनाइट (कडा पत्थर), वर्फाइरी (रेशा नभएको आग्नेय चट्टान), वेसाल्ट, बलौटे ढुङ्गा र अन्य (स्मारक वा भवन बनाइने ढुङ्गा टुक्र्याइएको वा वर्गाकार पारिएको भन्दा बढी केही नगरिएको) घ. मि. | | १५० |
| २५.१७ | गिटी र टुक्र्याइएका वा पिंधिएका ढुङ्गाहरू (तापित वा अतापित), कंकड म्याकाडम र मिश्रित म्याकाडम, साधारण तथा कंक्रिट जोड्डा, सडक धातुकरण गर्दा र अन्य बोझ लगाउने काममा प्रयोग गरिने, अग्निप्रस्तर र बाटुलिएका पत्थरहरू (सिंगल) तापित वा | | |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२४६

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | अतापित ढुङ्गाका साना टुक्राहरू र गिर्खाहरू र संकेत नं. २५.१५ र २५.१६ मा पर्ने ढुङ्गाको धूलोहरूः | | |
| | (१) सडक निर्माण गर्ने ढुङ्गाका टुक्राहरू घ. मि. | | १०० |
| | (२) नटुक्र्याइएको स-साना ढुङ्गाहरू घ. मि. | | २०० |
| | (३) सिंगमरमरका टुक्राहरू र धूलो | | ६% |
| | (४) ढुंगाको धूलो (बालु कागज बनाउन काम लाग्ने) | | ६% |
| | (५) अन्य ढुङ्गाको धूलो | | ४% |
| | (६) अन्य | | १०% |
| २५.२० | जिप्सम् (सेतो क्याल्सियम सल्फेट) एनहाइड्रेट र क्याल्सियम सल्फेट भएका आधारले लेपन गरिएका तर दाँतसाजीको लागि तयार पारिएका विशेष प्रकारका लेपनहरूलाई समावेश नगरीः | | |
| | (क) जिप्सम् एनहाइड्राइट घ. मि. | | १०० |
| | (ख) अन्य घ. मि. | | ३० |
| २५.२१ | चून द्रावक र चूनादार ढुङ्गा, साधारणतया चून र सिमेण्टको उत्पादनमा प्रयोग गरिने घ. मि. | | १०० |
| २५.२७ | प्राकृतिक स्टियटाइट (साबुन ढुङ्गा) अलि-अलि टुक्र्याइएको वा वर्गाकार पारिएको बाहेक केही नगरिएको समेत, टाल्क (चिप्ले खरी) घ. मि. | | १०० |
| ४४.०१ | बाल्ने दाउरा, मुढा, ठुन्का, हाँगाबिंगा वा दाउराको मुढा, चोइटा-चोइटी र काठको धूलोसमेतः | | |
| | (क) बाल्ने दाउरा, मुढा, ठुन्का, हाँगाबिंगा | | २०० |
| | (ख) काठको खेर फालेको पदार्थ र काठको धूलोसमेत | | २०० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| ४४.०२ | काठको कोइला कडा बोक्राको र गुभोको समेत डल्लो पारेको वा नपारेको | | ६०% |
| ४४.०३ | खस्रो काठ (बोक्रा ताछेको वा नताछेको) | | |
| | (क) गुभो भएको काठ | | २००% |
| | (ख) चीर देवदार सल्लो जातका चिरान गर्ने र पातलो बोक्रा भएका काठ | | २००% |
| | (ग) चीर,देवदार सल्लो जातकाबाहेक अरू जातका चिरान गर्ने र पातलो बोक्रा भएका काठ | | २००% |
| | (घ) अन्य (बल्लाबल्लीसमेत) | | २००% |
| ४४.०४ | चारपाते वा अर्ध चारपाते तर त्यो भन्दा बढी नबनेको काठः | | |
| | (क) चीर देवदार र सल्लो जातको | | २००% |
| | (ख) अन्य | | २००% |
| ४४.०५ | लम्बाइमा चिरेको, ताछेको वा खुर्केको अन्य केही नगरेको मोटाइमा ५ मि. मि. भन्दा बढी हुने काठः | | |
| | (क) चीर देवदार र सल्लो जातको | | १४०% |
| | (ख) अन्य | | १४०% |
| ४४.०७ | रेल र ट्रामको काठको स्लीपर (पटरी)हरू | | १४०% |
| ४४.०९ | पाँग्रामा प्रयोग हुने काठ, काठको चिरेको खाँबा, घोचा, वला, तिखारेको तर लम्बाइमा नचिरेको, टुक्रा काठ, ट्राउन काठ (बंग्याएको), गभोदार काठको टुक्रा वा छेस्का, कुनै तरल पदार्थ छान्ने वा भिनेगार उत्पादनको काममा निमित्त चिल्लो पारेको काठ, चोइटा काठको छडी, खस्रो गरी काँटछाँट गरेको तर दोब्याएको, निबडयाएको वा अरू थोक नबनाएको टेक्ने लट्ठी, छाताको डण्डी, औजारको डण्डी वा त्यस्तै सामान बन्न सक्ने काठः | | |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
385

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | (क) गुभोदार काठको टुक्रा टुक्री वा छेस्का छेस्की | | १४०% |
| | (ख) अन्य | | १४०% |
| ४४.११ | काठको रेखा बनाउने फल्याक वा अन्य वनस्पति पदार्थ प्राकृतिक वा कृत्रिम चोपबाट जोडिएको वा अन्य यस्तै पदार्थद्वारा जोडिएको वा नजोडिएको: | | |
| | (क) खँदिलो रेशा बनाउने काठको बोर्ड (हार्डबोर्ड) | | १४०% |
| | (ख) अन्य | | १४०% |
| ४४.१२ | काठको ऊन र काठको पिठो | | ५० |
| ४४.१३ | रण्डा लगाएको, खोल्सा पारी काटेको (टंग ग्रुम्ड), दाँती पारी काटेको (रिवेटेड), सलामी वा ढलुवा पारी काटेको, जोर्नी, माझको जोर्नी, बाटुलो पारी काटेको वा माझमा लाउने बाटुलो गरी काटेको वा यस्तै प्रकारको काठ (चौकोसका सामान, घर बनाउने काठका सामान, पारक्वेटको निमित्त बरासि (फ्रिजेज) वा नबनाएको फ्लोरिंगको काठहरू): | | |
| | (क) सल्लो जातिको | | ४०% |
| | (ख) अन्य | | ४०% |
| ४४.१४ | लम्बाइमा चिरेको, ताछेको वा खुर्केको तर अन्य केही नगरिएको ५ मि. मि. भन्दा बढी बाक्लो हुने गरी नबनाएको काठ (चिल्लो पारिएको काठको पातलो फ्लेक (भेनिष्टा), प्लाइउडको लागि फ्लेक ५ मि. मि. भन्दा बढी बाक्लो नभएको) | | ४०% |
| ४४.१५ | प्लाइउड, ब्लाकबोर्ड, पत्र-पत्र पारी बनाएको (लेमिनबोर्ड), ब्याटेनबोर्ड र यस्तै | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 220

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | पत्र-पत्र पारी बनाएको काठको उत्पादन, पातलो चिल्लो काठको चादर मढेको काठको फ्लेक, पाता जडेको काठ मार्क्वेट्री (रंगीन काठहरू जडेको सजावटको सामान): | | |
| | (क) काठको पाता मात्र पूर्ण रूपमा भएको प्लाइउड | | २०% |
| | (ख) ब्लाकबोर्ड, लेमिनबोर्ड, ब्याटेनबोर्ड र यस्तै पत्र-पत्र पारी बनाएको काठको उत्पादन | | २०% |
| | (ग) अन्य | | २०% |
| ४४.१७ | "उन्नत" काठको पाता, ठुन्को वा यस्तै | | २०% |
| ४४.१८ | पुनः निर्मित काठ, चिल्लो पारी बनाएको काठ (रण्डा लगाउँदा निस्कने काठका पातला टुक्राहरू), काठको टुक्रा, काठको धूलो वा पिठो वा अरू काठमय वस्तुको अवशेष संकलन, प्राकृतिक वा कृत्रिम चोप वा अरू प्राँगारिक तत्वले जोडिएको पाता, ठुन्का वा यस्तै सामान | | २०% |
| ४४.१९ | काठका दाना, काठबाट ढालेको तखता, कोठाको भित्ताको तल चारतिर रहने काठको फल्याक (स्कर्टिंग) र अरू ढालेको काठहरू | | २०% |
| ४७.०२ | खेर जाने कागज र कागज बोर्ड, रद्दी कागजका सामान वा रद्दी पेपर बोर्डका सामान कागज बनाउने काममा मात्र आउने | ३०% | |
| ५५.०६ | खुद्रा बिक्रीको लागि राखिएको कपासको धागो: | | |
| | (१) सुती गोली तथा रिल धागो | ५% | |
| | (२) अन्य | माफी | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| ५५.०९ | कपासमा बुनिएका अन्य कपडा: | | |
| | (क) वजनमा ८५% वा सो भन्दा बढी कपास भएको रासायनिक तरीकाले नधोइएको र मिहिन नगरेको कपडा: | | |
| | (२) अन्य | २०% | |
| | (ख) वजनमा ८५% वा सो भन्दा बढी कपास भएको, रासायनिक तरीकाले धोएको, रंगाएको छापेको वा मिहिन गरेको, नखुम्चिने र अरगण्डी प्रोसेस समेत गरेको अन्य कपडा: | | |
| | (२) अन्य | २०% | |
| ५७.०३ | सनपाट र अरू कपडाको लागि रेशा हुने बोक्रा अन्यत्र उल्लेख नभएको वा समावेश नगरेको, काँचो वा प्रशोधित तर नकातेको, डोरा र त्यसको अवशेषबाट बनेको सामान (तन्काएको वा सफा गरेको झुत्रा र डोरी समेत): | १०% | |
| ६८.१४ | ब्रेक, क्लचको लागि उपयुक्त हुने घर्षणका सामग्री (टुकरा, पांग्रो, वासर, लामो सानो टुकरा, चादरपाता मुट्ठा र यस्तै) अस्वेस्टसमा आधारित वा अन्य खनिज पदार्थ वा सेलुलोज पदार्थमा आधारित कपडा वा अरू पदार्थ मिसिएको वा नमिसिएको | १५% | |
| | संकेत नं. ८७.०४ पछिको | | |
| | द्रष्टव्य:— | | |
| | अस्थायी पैठारी गरी ल्याएको टयाक्टरमा दिन १ को ५०।– (पचास रूपैयाँ) का दरले अस्थायी पैठारी महशूल असूल गरिनेछ, तर टेलर फीट भएको टयाक्टर वा टेलर मात्र अस्थायी पैठारी प्रतिदिन रू. २००।– (दुई | | |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | साधारण भन्सार महशूल दर | | अतिरिक्त भन्सार महशूल |
| | (क) ५ प्रतिशत र १० प्रतिशतमा | | २५ प्रतिशत |
| | (ख) १५ प्रतिशत र २० प्रतिशतमा | | ३५ प्रतिशत |
| | (ग) २५ प्रतिशत र ३० प्रतिशतमा | | ४५ प्रतिशत |
| | (घ) ५० प्रतिशत वा सोभन्दा माथिमा | | ५५ प्रतिशत |

तर,

नेपालमा उत्पादन हुने खालको शत प्रतिशत कृत्रिम रेशा वा कृत्रिम रेशा तथा ऊनी धागोको मिश्रणबाट बुनिएको कपडाको पैठारी मूल्यमा १०० प्रतिशत अतिरिक्त भन्सार महशूल लगाई असूल गरिनेछ ।

२. देहायका मालवस्तुहरूको पैठारीमा अतिरिक्त भन्सार महशूल लाग्ने छैन:

(१) उद्योगहरूले पैठारी गर्ने मेशीन तथा उत्पादनको अवस्थामा बिक्रीकर बुझाउने उद्योगहरूले पैठारी गर्ने कोरामाल, सहायक कोरामाल र रासायनिक पदार्थ ।

(२) औषधि र औषधोपचारका उपकरण तथा मालसामान ।

(३) कृषि औजार तथा कीटनाशक औषधि ।

(४) सिंचाइको लागि प्रयोग हुने पम्प र ट्यूबवेल ।

(५) लेख्ने र छाप्ने कागज ।

(६) कच्चा ऊन ।

(७) वैज्ञानिक प्रयोगशालासम्बन्धी उपकरण तथा कम्प्युटर ।

(८) अगरबत्ती ।

(९) अबीर, केशरी, सिन्दूर ।

(१०) आल्मोनियम भाडा ।

(११) सूती कपडा, सुती साडी ।

(१२) कापी, रजिष्टर, नोटबुक ।

(१३) तन्ना, तौलिया, रूमाल, गम्छा ।

(१४) किलाकाँटी, नटबोल्ट ।

(१५) केमिकल ।

(१६) खेलकूदको उपकरण ।

(१७) गुड सख्खर ।

(१८) काँचको तथा प्लाष्टिकको चुरा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| | सय) का दरले अस्थायी पैठारी महशूल असूल गरिनेछ । यसरी पैठारी गरी ल्याएको ट्याक्टर वा ट्रेलर ३ महीनाभन्दा बढी नेपाल अधिराज्यमा राख्न पाइने छैन । तर मालवस्तु बोकी ल्याएको ट्रेलर सहितको ट्याक्टर १२ घण्टाभित्र फर्की गएमा सो ट्याक्टरको अस्थायी पैठारी महशूल लिइने छैन । | | |
| | संकेत नं. ८७.१४ पछिको | | |
| | द्रष्टव्यः | | |
| | अस्थायी तवरबाट पैठारी गरी ल्याएका मोटरकार, स्टेशन वाइगन, लेण्डरोभर जीप, ट्रक, लहरी, भ्यान र मोटरसाइकल आदि सवारीका साधनहरू तिनका ट्रेलरसमेतमा निम्न लेखिएबमोजिम भन्सार महशूल लगाई असूल उपर गरिनेछः | | |
| | (ग) कार्नेमा ल्याएका गाडी (मोटर र भेहि-कल्स) वा मोटर साइकल श्री ५ को सरकारले स्वीकृति दिएमा बाहेक नेपाल अधिराज्यभर बेच-बिखन, दान-उपहार तथा नामसारीसमेत गर्न पाइनेछैन । तर श्री ५ को सरकारको स्वीकृति लिई बेच-बिखन, दान-उपहार तथा नामसारी गराएमा वा गरेमा लाग्ने भन्सार महशूलको अतिरिक्त थप २५ प्रतिशत भन्सार महशूल लाग्नेछ । | | |

उपरोक्त उल्लेखित मालवस्तुहरू बाहेक अन्य मालवस्तुहरूमा आर्थिक ऐन, २०४५ को अनुसूची –१ मा उल्लेखित भन्सार महशूल दर लगाइने र असूल उपर गरिनेछ ।

अतिरिक्त भन्सार महशूलः

१. साधारण भन्सार महशूल लाग्ने मालवस्तुको मूल्यमा देहायबमोजिमको थप अतिरिक्त भन्सार महशूल लाग्नेछः—



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१९) सुती चादर ।
(२०) साइकल, रिक्सा तथा सोको पार्टपूर्जा तथा टायर ट्यूब ।
(२१) शिशु आहार तथा धूलो दूध ।
(२२) धाराको सामान ।
(२३) फलामे तयारी सामान ।
(२४) बिजुलीको बल्ब, ट्यूबलाइट ।
(२५) बिजुलीको सामान (फिटिङ) ।
(२६) लेख्ने छाप्ने मसी ।
(२७) मसला (जिरा, मरीच, धनिया आदि) ।
(२८) लुब्रिकेन्टस् ।
(२९) बस, ट्रक र सोको च्यासिस ।
(३०) स्टेशनरी सामान ।
(३१) सुर्ती ।
(३२) हाते ज्यावल ।
(३३) चिया तथा कफी ।
(३४) प्लाइउड ।
(३५) खैनी, जर्दा ।
(३६) झ्याल ढोकाको सामान ।
(३७) ट्याक्टर ।
(३८) अटोरिक्सा ।
(३९) पानपत्ता ।
(४०) ऊनी कम्बल ।
(४१) हेर्ने ऐना ।
(४२) डोरी (नाइलन डोरीबाहेक) ।
(४३) मट्टीतेलबाट चल्ने स्टोभ तथा चूल्हो ।
(४४) डिबिया तथा लालटेन ।
(४५) अलकत्रा ।
(४६) बिजुलीको खम्बा ।
(४७) प्रेशर कुकर ।
(४८) डुप्लिकेटिङ पेपर ।
(४९) कोइला ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५०) रेयन, अलपक्का कपडा ।
(५१) खानेपानीको लागि प्रयोग हुने ट्यूबवेल पम्प ।
(५२) चिनी ।
(५३) पौष्टिक आहारको रूपमा प्रयोग हुने हर्लिक्स, भीभा, प्रोटिनेक्स, कम्प्लान आदि ।
(५४) जीवित जीवजन्तु ।
(५५) जीवजन्तुबाट उत्पादित वस्तु ।
(५६) तरकारी ।
(५७) खाद्यान्न र पिठो ।
(५८) दलहन ।
(५९) तेलहन गेडा ।
(६०) खुर्सानी ।
(६१) बेसार ।
(६२) अदुवा ।
(६३) ताजा फलफूल ।
(६४) ताजा माछा ।
(६५) इन्सुलेटर ।
(६६) टाइपराइटर र सोको पार्टपूर्जा ।
(६७) डुप्लिकेटिङ्ग मेशीन ।
(६८) साबुदाना ।
(६९) फायर ब्रिक्स ।
(७०) माटाको भाँडा ।
(७१) कम्प्युटर पार्टस ।
(७२) हुलाक टिकेट, बैंक नोट, चेकबुक, ट्राभलर्स चेक ।

३. पैठारीमा अतिरिक्त भन्सार महशूल छूट भएका उपरोक्त उल्लेखित ७२ वटा मालवस्तु उत्पादन गर्ने कुनै स्वदेशी उद्योगले आफ्नो उद्योगको प्रयोगको लागि कच्चा पदार्थ पैठारी गरेमा त्यस्ता कच्चा पदार्थको पैठारीमा अतिरिक्त भन्सार महशूल लाग्नेछैन ।

४. अधिकतम सौबिध्य प्राप्त देशहरूबाट पैठारी हुने मालवस्तुहरूमा लाग्ने अतिरिक्त भन्सार महशूल दरको पाँच प्रतिशत छूट दिइनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२२८

५. छाला उद्योगले प्रयोग गर्ने कच्चा पदार्थ र रासायनिक पदार्थहरूको पैठारीमा अतिरिक्त भन्सार महशूल लाग्नेछैन ।

६. अतिरिक्त भन्सार महशूलमा आंशिक छूट दिने अन्य सबै व्यवस्था खारेज गरिएको छ ।

## समिकारक महशूल

नेपाल अधिराज्यमा मालवस्तुहरू पैठारी हुँदा नेपालमा ती मालवस्तुहरूमा जति अन्तःशुल्क लाग्ने गरेको छ, सो बराबरको दरमा समिकारक (Counter vailing) महशूल लगाई असूल गरिनेछ । तर देहायको अवस्थामा निम्नबमोजिम हुनेछः–

(क) औद्योगिक कच्चा पदार्थको रूपमा प्रयोग हुने मालवस्तुहरू उद्योगले पैठारी गर्दा त्यस्ता मालवस्तुको पैठारीमा समिकारक महशूल लाग्नेछैन ।

(ख) अन्तःशुल्क दरबन्दीमा उल्लेख भएको तर नेपाल अधिराज्यमा हालसम्म उत्पादन भै नसकेका मालवस्तु पैठारी हुँदा समिकारक महशूल लाग्नेछैन ।

(ग) चिनीको पैठारीमा समिकारक महशूल लाग्नेछैन ।

## विविध

१. गुण्टा, झिटी, भारी आदेशानुसार यात्रुहरूले महशूल माफीमा ल्याउन पाउने मालसामानबाहेक अन्य मालसामानहरू विदेशबाट आफूसंगै ल्याएको (एकम्पनिड) वा आफू आउनुभन्दा अघि वा पछि ल्याएको (अनएकम्पनिड) मालसामानमा साधारण भन्सार महशूल, अतिरिक्त भन्सार महशूल तथा समिकारक महशूलको सट्टामा निम्नबमोजिम समदरको भन्सार महशूल लाग्नेछः

(क) २० प्रतिशतसम्म साधारण भन्सार महशूल लाग्ने मालवस्तुमा ५० प्रतिशत

(ख) २० प्रतिशतभन्दा बढी ३० प्रतिशतसम्म साधारण भन्सार महशूल लाग्ने मालवस्तुमा ७५ प्रतिशत

(ग) ३० प्रतिशतभन्दा बढी ७० प्रतिशतसम्म साधारण भन्सार महशूल लाग्ने मालवस्तुमा १२५ प्रतिशत

(घ) ७० प्रतिशतभन्दा बढी साधारण भन्सार महशूल लाग्ने मालवस्तुमा १७५ प्रतिशत ।

तर, अतिरिक्त भन्सार महशूल नलाग्ने गरी तोकिएका निम्न मालवस्तुहरू पैठारी हुँदा समदर नलगाई प्रचलित साधारण भन्सार महशूल दर लागू हुनेछः

(क) उद्योगहरूले पैठारी गर्ने मेशिनरी तथा उत्पादनको अवस्थामा बिक्रीकर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 226

बुझाउने उद्योगहरूले पैठारी गर्ने कोरामाल, सहायक कोरामाल र रासायनिक पदार्थ ,

(ख) औषधि र औषधोपचारका उपकरण तथा मालसामान,

(ग) कृषि औजार र कीटनाशक औषधि,

(घ) सिंचाइको लागि प्रयोग हुने पम्प र ट्यूबवेल,

(ङ) लेख्ने छाप्ने कागज,

(च) कच्चा ऊन र

(छ) वैज्ञानिक प्रयोगशाला सम्बन्धित उपकरण तथा कम्प्युटर ।

२. नेपाली प्रकाशकले नेपाल अधिराज्यबाहिरबाट मुद्रण गरी ल्याएको पुस्तकको व्यावसायिक छपाइबापत लाग्ने मूल्यमा पाँच प्रतिशत भन्सार महशूल लगाइनेछ ।

३. बिलेट उत्पादन गर्ने उद्योगले पैठारी गर्ने कच्चा पदार्थको पैठारीमा लाग्ने भन्सार महशूलमा ५० प्रतिशत छूट दिइनेछ ।

४. निम्नलिखित मालवस्तुको पैठारीमा लाग्ने भन्सार महशूल पूर्ण रूपले छूट दिइनेछः

(क) पर्यटन उद्योगको प्रचार तथा प्रवर्द्धनको लागि नेपाल अधिराज्यबाहिरबाट छपाई ल्याएको स्तरीय प्रचार सामग्री,

(ख) सौर्यशक्ति, गोबरग्यास लगायत सबै बायोग्यासको लागि आवश्यक पर्ने उपकरणहरू र त्यसका पार्टपूर्जाहरू,

(ग) ट्रलिबस सेवा सञ्चालन तथा विस्तारको लागि पैठारी गरिने यन्त्र, उपकरण, ट्रलिबस तथा त्यसका पार्टपूर्जाहरू,

(घ) स्वीकृति प्राप्त स्तरीय अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने उपकरण तथा औजारहरू र

(ङ) कृषिजन्य उत्पादन, फलफूल, माछा आदि सुरक्षित गर्न निर्माण गरिने शीत भण्डारहरूको लागि आवश्यक पर्ने यन्त्र तथा उपकरणहरू ।

५. नेपाल अधिराज्यमा खिचिएको फिल्म धुन वा प्रिण्ट गर्न वा डेभलप गर्न विदेश लगी पैठारी गरेको फोटोहरूमा मूल्यको १० प्रतिशतका दरले भन्सार महशूल लाग्नेछ ।

६. यस अनुसूचीको महल नं. ४ मा जतिसुकै दर उल्लेख भएको भए तापनि ढुङ्गा, बालुवा, गिट्टी तथा काठबाहेक अन्य मालवस्तुको निकासीमा भन्सार महशूल ०.५ प्रतिशतको दरले लगाइनेछ ।

७. तयारी पोशाक उद्योगले बण्डेड वेयर हाउसको व्यवस्थाअन्तर्गत रेयन कपडा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पैठारी गर्दा भन्सार महशूल बापत १० (दश) प्रतिशतको हिसाबले मात्र बैंक ग्यारेण्टी लिइनेछ ।

## भन्सार महशूलको लागि मूल्य निर्धारणसम्बन्धी व्यवस्था

१. निकासी हुने माल वा वस्तुको मूल्य निर्धारण गर्दा नेपाल अधिराज्यको भन्सारको प्रचलित मूल्य (एफ. ओ. बी.) कायम गरी निकासी भन्सार महशूल लिइनेछ ।

२. पैठारी हुने मालसामानको भन्सार प्रयोजनको लागि मूल्य कायम गर्दा नेपाल अधिराज्यको भन्सारसम्म पर्न आएको ढुवानी र बीमा खर्चसमेत जोडी (सी. आई. एफ.) मूल्य कायम गरिनेछ ।

३. क्षेत्रीय मूल्याङ्कनमा माल वस्तुहरूको एफ. ओ. बी. मूल्य कायम भएको रहेछ भने त्यस्तो मूल्यमा भाडा भरोट तथा बीमा खर्च बापत मालको मूल्यमा ५ प्रतिशत थपी सी.आई. एफ. मूल्य कायम गरी भन्सार महशूल असूल गरिनेछ ।

४. हवाई मार्गबाट पैठारी हुने मालवस्तुहरूको ढुवानी खर्च निर्धारण गर्दा स्थलमार्गबाट नेपाल अधिराज्यका सीमानास्थित भन्सार कार्यालयहरूमा मालसामान पैठारी गर्दा लाग्ने ढुवानी खर्च सरह खर्च जोडी भन्सार महशूल लिइनेछ ।

## अनुसूची–२
## अन्तःशुल्क दरबन्दी

| संकेत नं. | वस्तुको विवरण | इकाई | दर |
|---|---|---|---|
| ०१–१ | चिनी | मोल प्रतिशत | ६% |
| ०१–२ | खाँडसारी चिनी (Vacuum pan र Vacuum Evaporator को प्रयोग नगरी उत्पादन गरेको चिनी) | मोल प्रतिशत | ३.२५% |
| ०२–३ | (क) उच्चकोटीको मदिरा | | |
| | ३५ यू. पी. शक्ति र सो भन्दा बढी शक्तिको उच्चखालको मदिरा | प्रति एल.पी.लि. | रू.५८।८० वा मो. प्र. श. १००%मा जुन बढी । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ०३–१ (क) प्रतिहजार खिल्ली रू. ३५।– सम्म मोल पर्नेमा | प्रतिहजार | रू. १५।७५ वा मो. प्र.श. ३५%मा जुन बढी। |
| (ख) प्रतिहजार खिल्ली रू. ३५।– भन्दा बढी रू. ५०।– सम्म मोल पर्नेमा | प्रतिहजार | रू. ३२।५५ वा मो. प्र. श. ६५%मा जुन बढी । |
| (ग) प्रतिहजार खिल्ली रू. ५०।– भन्दा बढी ७५।– सम्म मोल पर्नेमा | प्रतिहजार | रू. ७५।६० वा मो. प्र.श. ९५%मा जुन बढी। |
| (घ) प्रतिहजार खिल्ली रू. ७५।– भन्दा बढी रू. १००।– सम्म मोल पर्नेमा | प्रतिहजार | रू. ९९।७५वा मो. प्र.श. ९५%मा जुन बढी। |
| (ङ) प्रतिहजार खिल्ली रू. १००।– भन्दा बढी रू. २००।– सम्म मोल पर्नेमा | प्रतिहजार | रू. १८३।७५ वा मो.प्र.श. ९५%मा जुन बढी। |
| (च) प्रतिहजार खिल्ली रू. २००।– भन्दा बढी रू. २४०।– सम्म मोल पर्नेमा | प्रतिहजार | रू. १८९।– वा मो.प्र.श. ८०%मा जुन बढी। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२६०

| | | | |
|---|---|---|---|
| | (छ) प्रतिहजार खिल्ली रू. २४०।– भन्दा बढी रू. ३००।– सम्म मोल पर्नेमा | प्रतिहजार | रू. २२२।६० वा मो.प्र.श. ८०%मा जुन बढी । |
| | (ज) प्रतिहजार खिल्ली रू. ३००।– भन्दा बढी मोल पर्नेमा | प्रतिहजार | रू. २७८।२५ वा मो.प्र.श. ८५%मा जुन बढी । |
| ०३–२ | बिडी (सूर्तीबाट तयार भएको सबै प्रकारको बिडी) | | |
| | (क) सुर्ती र पत्ताबाट बनेको बिडी | प्रतिहजार | रू. ५।२५ वा मो.प्र.श. २०% मा जुन बढी । |
| | (ख) सुर्ती र कागजबाट बनेको बिडी | प्रतिहजार | रू. ६।३० वा मो.प्र.श. २५%मा जुन बढी । |
| | (ग) सुर्ती र कागजबाट बनेको फिल्टर भएको बिडी | प्रतिहजार | रू. ७।३५ वा मो.प्र.श. २५% मा जुन बढी । |
| ०६–२ | सबै किसिमका खाद्य वनस्पति घ्यू (मार्जरिनहरूसमेत) | मोल प्रतिशत | ८% |
| ०६–३ | सबै किसिमका खाद्य प्रशोधित तेल (मार्जरिनहरूसमेत) | मोल प्रतिशत | ३.५% |
| १३–१ | सिमेन्ट | मोल प्रतिशत | २०% |
| १६–२ | सबै प्रकारका कृत्रिम ऊनी धागो | प्रतिकिलोग्राम | रू. २०।– |
| १८–२ | टेलिभिजन | | |
| | (क) साधारण (श्याम श्वेत) | मोल प्रतिशत | १२% |
| | (ख) रंगीन | मोल प्रतिशत | १५% |

यस अनुसूचीमा उल्लेख नभएका कुरामा आर्थिक ऐन, २०४५ को अनुसूची–५ बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६१

## अनुसूची–३
## बिक्रीकरको दरबन्दी

१. बिक्रीकरको दरः–

| संकेत नं. | माल वा वस्तुको नाम तथा विवरण | करको दर प्रतिशतमा |
|---|---|---|
| ८.२ | सुक्खा फलफूल सबै किसिमको | १५ |
| ८.३ | सबै किसिमको सुपारी | १५ |
| ९.६ | पानको मसला | १५ |
| १२.३ | तेलहन (ज्यापु, भटमास, आलस, तील, त्यस्तै तेलहन) | माफी |
| १२.३ (क) | तोरीको गेडा वा दाना | ५ |
| २४.३ (घ) | सिगार र सिगारीलिस | २० |
| २४.४ | नस, जर्दा र खैनी | १५ |
| २४.६ | अन्य | २० |
| २५.७ | सेतो सिमेन्ट | २० |
| ४२.२ | सफरका सामान (सबै वस्तुबाट बनेको) | २० |
| ६०.५ | अन्य तयारी वस्तुहरू | २० |
| ८५.४ (क) | अन्य घरेलु प्रयोगका बिजुलीका मेशिनरी उपकरण र पार्टपूर्जा (भ्याकुमक्लिनर र दाह्री काट्ने यन्त्रसहित) | २० |
| ८५.५ | ट्रान्समिटर तथा रिसिभरहरू, रेडियो र पार्टपूर्जा | २० |
| ८५.६ (ख) | टेलिभिजनको पार्टपूर्जाहरू | १० |
| ९७.२ | खेल्ने तास | २० |

२. स्वदेशमा स्थापित स्टेनलेस स्टीलका भाँडाहरू बनाउने उद्योगले बिक्री गर्ने भाँडाकुँडाहरूमा हाल लागी आएको बिक्रीकरमा २५ प्रतिशत छूट दिइनेछ ।

३. डिष्टीलरीबाट उत्पादन हुने निम्नकोटीको मदिराको बिक्रीमूल्य वा न्यूनतम ग्यारेन्टीको रकमलाई दोब्बर गर्दा हुने रकम जुन बढी हुन्छ सोही रकमलाई बिक्रीमूल्य कायम गरी दरबन्दी अनुसार बिक्रीकर असूल गरिनेछ।

४. रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० बमोजिम ठेक्का बन्दोबस्त भएका मदिराको बिक्रीकर ठेक रकमलाई दोब्बर गरी बिक्रीमूल्य कायम मानी सोमा बिक्रीकर असूल गरिनेछ ।

५. यस अनुसूचीमा उल्लेख भएबाहेकका मालवस्तुहरूमा आर्थिक ऐन, २०४५ को अनुसूची ६ को व्यवस्था लागू हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २८

## अनुसूची–४

## हवाई उडान कर

आ. व. २०४६।४७ मा प्रति हवाई यात्रुबाट देहायबमोजिम हवाई उडान कर लगाई असूल उपर गरिनेछ ।

| आन्तरिक उडानतर्फ | हवाई उडान करको दर |
|---|---|
| (क) भद्रपुर, विराटनगर, राजविराज, जनकपुर, सिमरा, भरतपुर, पोखरा, सिद्धार्थनगर र काठमाडौंबाट उडान गर्नेमा | रू. ३०।– प्रतियात्रु |
| (ख) नेपालगञ्ज, दाङ, धनगढी र महेन्द्रनगरबाट उडान गर्नेमा | रू. २०।– प्रतियात्रु |
| (ग) बाँकी अन्य स्थानहरूबाट उडान गर्नेमा | रू. १०।– प्रतियात्रु |
| **अन्तर्राष्ट्रिय उडानतर्फ** | |
| अधिराज्यभित्र बाहेक अन्य जुनसुकै मुलुकको लागि उडान गर्नेमा | रू. ३००।– प्रतियात्रु |

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।